रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल
☎ 031-450035

पत्र संख्याः- २०७७/०७८(सूचना प्रविधि शाखा) मितिः २०७७-१०-०६
चलानी नं.:-

विषयः बालपोषण अनुदान रकम विस्तार गर्ने सम्बन्धि सूचना।

उपरोक्त सम्बन्धमा श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.स. २०७७/०७८ च.न. १३८२ मिति २०७७/०९/२२ गतेको प्राप्त पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०९/१० गते बालपोषण अनुदान विस्तार गर्ने निर्णय गरेको हुनाले चालु आ.व. २०७७/०७८ को अन्तिम चौमासिकबाट यस गाउँपालिका क्षेत्र भित्रका ५ (पाँच) बर्ष मुनिका (एक आमाबाट जन्मिएका बढीमा २ जना बालबालिका) गैर दलित बालबालिकाहरुलाई समेत बालपोषण भत्ता वितरण गरिने भएकोले मिति २०७७ साल माघ मसान्त्र भित्र सम्बन्धित वडा कार्यालयमा गई आ-आफ्ना बालबालिकाहरुको विवरण उपलब्ध गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। वडा कार्यालयमा विवरण संकलन गराउन जाँदा **बालबालिकाको जन्म दर्ता प्रमाण पत्र, बुवा र आमाको नागरिकताको प्रतिलिपि, निवेदन, बालबालिकाको २ प्रति फोटो** समेत संलग्न गरी जानु पर्नेछ।

२०७७/१०/०६

रेणुका शाह
प्रमुख प्रशासकीय अधिकृत

रेणुका शाह
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ

श्री वडा कार्यालय (सबै), रुपनी गाउँपालिका, सप्तरी।